यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

वर्ष ९ अंक ५५ श्रेणी 'क' २०७३ मंसिर ८ गते बुधबार 23 Nov. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## अनावश्यक समयमा विद्युत् प्रयोग नगर्न आग्रह

**काठमाडौं ७ मंसिर ।**

तपाईले आफ्नो कार्यालय वा सार्वजनिक स्थानमा अनावश्यक रूपमा बत्ती बालेर छाड्नु भएको छ वा हिटर पङ्खा चलाएर ननिभाइकन छाड्नुभएको छ ? अब त्यसो नगर्नु होला । सार्वजनिक स्थानमा अनावश्यक समयमा समेत विद्युत् उपयोग भइरहेको पाइएपछि ऊर्जा मन्त्रालयले परिपत्र जारी गर्दै सबै सरकारी कार्यालयलाई अनावश्यक समयमा विद्युत् प्रयोग बन्द गर्न आग्रह गरेको छ ।

विशेष गरी सरकारी कार्यालयमा अनावश्यक रूपमा विद्युत् प्रयोग बढी भइरहेको पाइएपछि त्यसखालको परिपत्र गरिएको ऊर्जा मन्त्रालयले जनाएको छ । ऊर्जामन्त्री जनार्दन शर्माले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई तत्काल सार्वजनिक स्थानमा अनावश्यक रूपमा विद्युत् उपभोग भइरहेको पाइए त्यसलाई निरुत्साहित गर्न निर्देशन दिएका छन् ।

सिंहदरबारभित्रैका मन्त्रालय, सरकारी भवन तथा गैरसरकारी क्षेत्रमा समेत कार्यालय समयपछि समेत अनावश्यक रूपमा विद्युत् प्रयोग भइरहेको भन्ने सूचनाका आधारमा मन्त्री शर्माले उक्त निर्देशन दिनुभएको उनका स्वकीय सचिव विक्रान्त शर्माले जानकारी दिए । यस्तै त्रिभुवन



विश्वविद्यालयको केन्द्रीय विभाग, अन्य आङ्गिक क्याम्पसमा समेत अनावश्यक रूपमा विद्युत् प्रयोग भइरहेको गुनासो मन्त्रालयको गुनासो सुनुवाइ इकाइमा प्राप्त भएको छ । सरकारी निकायले नै विद्युत् महसुल नबुझाएको भन्ने प्राधिकरणको दाबी र त्यस्तै निकायमा समेत अनावश्यक रूपमा विद्युत् प्रयोग भइरहेको पाइएपछि मन्त्रालयले परिपत्र गर्न लागेको हो ।

प्राधिकरणले यसअघि नै साँझ बढी विद्युत् माग हुने समयमा पानी तान्ने पम्प, हिटर, गिजरलगायत सामग्री प्रयोग नगर्न आग्रह गरिसकेको छ । दिउँसो काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिकामा सडक बत्ती बलिरहेको भन्ने सूचनाका आधारमा त्यस्ता सडक बत्ती निभाउन समेत सार्वजनिक सूचनामार्फत आग्रह गरिसकेको छ । काठमाडौं उपत्यकालाई विद्युत्भार कटौती मुक्त गरेको र त्यसलाई नियमित रूपमा राख्न सबैको साथ र सहयोग जरुरी रहेको भन्दै प्राधिकरणले त्यसखालको सहयोगको अपेक्षा गरेको छ । साँझ ६ बजेदेखि राति नौ बजेसम्म उपत्यकालाई मात्रै ३१५ मेगावाट विद्युत्को आवश्यकता पर्छ ।

विद्युत्भार कटौतीको अन्त्यपछि काठमाडौं उपत्यकामा रु १६ अर्बको डिजेल बचत भएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घले विद्युत्भार कटौती अन्त्यको स्वागत गर्दै सरकारलाई सक्दो सहयोग गर्ने जनाएको छ । महासङ्घका अध्यक्ष पशुपति मुरारकाले सामान्य सुधार मात्रै गर्ने हो भने पनि विद्युत्भार कटौती अन्त्य गर्न सकिने देखिएकाले त्यसमा सहयोग गर्न उद्योगी व्यवसायी तयार रहेको बताए ।

यस्तै प्राधिकरणले उपत्यकामा नियमित विद्युत् दिन थालेपछि विद्युत् खपतमा समेत कमी आउन थालेको छ । बत्ती आएको समयमा मात्रै इन्भटर, ब्याट्री चार्ज गर्दा थप विद्युत् प्रयोग हुने गरेको थियो । नियमित विद्युत् आपूर्ति पछि इन्भटर चार्ज गरेर राख्ने प्रवृत्ति समेत अन्त्य भएको छ ।

प्राधिकरणले गरेको एक अध्ययनअनुसार इन्भटर चार्ज नहुँदा करिब एक सय मेगावाट विद्युत् बचत भएको छ । प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीकाअनुसार इन्भटरमा प्रयोग हुने विद्युत् बचाउनु भनेको उत्पादन गर्नु सरह नै हो । काठमाडौं उपत्यकामा मात्रै फरक फरक क्षमताका करिब दुई लाख बढी इन्भटर प्रयोगमा रहेका छन् । विद्युत्भार कटौती हुँदा कुन बेला विद्युत् आउँछ र चार्ज गरौला भनेर बस्ने उपभोक्ता समेत नियमित विद्युत् आपूर्ति हुन थालेपछि प्राधिकरणलाई सहयोग गर्न थालेको प्रवक्ता अधिकारीको भनाइ छ । उपभोक्ताले एकसय वाटदेखि पाँचसय वाटसम्मका इन्भटर प्रयोग गर्दै आएका छन् । यस्तै प्राधिकरणले आगामी पुस र माघमा समेत विद्युत्भार कटौती नगर्ने गरी आवश्यक तयारी गरिरहेको छ । विद्युत् बचत एवम् अन्य उपाय अवलम्बन गरेरै भए पनि विद्युत् उपलब्ध गराउने प्राधिकरणको तयारी छ । रासस

## कलाकारका लागि आकर्षक स्थल घान्द्रुक

**पोखरा ७ मंसिर ।**

कास्की जिल्लामा पर्ने घान्द्रुक स्वदेशी तथा विदेशी चित्रकारका लागि बरदान सावित भएको छ । त्यहाँको भौगोलिक बनोटका साथै हिमालको सौन्दर्य तथा मनोरम दृष्य पर्यटकलाई मात्र होइन कलाकारका लागि झन आकर्षणको केन्द्र बनेको हो । पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्ने सो घान्द्रुक पोखराबाट करिब ७० किलोमिटरको दूरीमा पर्दछ ।

जलरङ्गको माध्यमबाट कला सिर्जना गर्ने कलाकारको संस्था अन्तर्राष्ट्रिय वाटरकलर सोसाइटीको नेपाल च्याप्टरले गएको साता आयोजना गरेको कला कार्यशालामा सहभागी स्वदेशी तथा विदेशी गरी ७० कलाकारले अन्नपूर्ण तथा माछापुच्छ्रे हिमाल, मोदीखोला, अन्नपूर्ण बेस क्याम्पजस्ता प्राकृतिक पर्यटकीय स्थलको अवलोकन गर्दै आ-आफ्ना कौशल देखाएका थिए । वरिष्ठ कलाकार राजेश मानन्धरले त्यहाँको मनोरम दृष्य नियाल्दै काठमाडौंमा प्रचलनमा रहेको जीवित देवी कुमारीको चित्र बनाए । उनले करिब एक दर्जन चित्र बनाउने क्रममा बनाइएको कुमारीको चित्रले धेरैको मन जित्नुका साथै उत्कृष्ट कला बनेको थियो ।

काठमाडौंको महत्वपूर्ण संस्कृतिका रूपमा रहेको कुमारीलाई घान्द्रुकको हावापानीमा सिर्जना गरिएकाले सो चित्रको लोकप्रियता बढेको मानन्धरले बताए। उनले भने-"घान्द्रुकको भूगोल कलाकारका लागि ठूलो अवसर हो ।"

स्वदेशी २५ तथा विदेशी ४५ कलाकार रहेको उक्त कार्यक्रममा त्यहाँको रमाइलो वातावरण देखेर बनाइएका चित्रमा घान्द्रुकको प्रभाव सहजै देख्न सकिन्थ्यो । हङ्कङबाट आएकी कलाकार केपी म्यागीले नेपालमा धेरै स्थान सौन्दर्यले भरिएको भए पनि घान्द्रुक विशेष आकर्षक स्थल भएको विचार व्यक्त गर्दै अनुकूलता मिले त्यहाँको सौन्दर्यतालाई हेर्न फेरि पनि आउने प्रतिबद्धता व्यक्त गरे।

अन्नपूर्ण हिमाल जाने स्वदेशी तथा विदेशी पर्यटकका लागि पदयात्रा मार्गमा परेपनि पर्यटन क्षेत्रमा घान्द्रुकको महत्व छ । करिब एक लाख आठ हजार ८०९ रोपनी क्षेत्रफलमा फैलिएको घान्द्रुक भौगोलिक हिसाबले कास्की जिल्लाकै सबैभन्दा ठूलो गाविस

*बाँकी अन्तिम पृष्ठमा......*




## क्षेत्रीय उवासंघले सम्भावनाको खोजी गर्ने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ मंसिर ।**

निजी क्षेत्रले पश्चिमाञ्चल क्षेत्र र प्रदेश नम्बर ४ को समग्र आर्थिक विकासको सम्भावनाको अध्ययन तथा पहिचानको अभियान संचालन गर्ने भएको छ । पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघको मंगलबार पोखरामा बसेको बैठकले देश संघीय संरचनामा जाँदै गर्दा यो क्षेत्रको सम्भावनाको पहिचान र कार्यान्वयनका लागि अभियान चलाउने निर्णय गरेको हो । पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्ष संजिवबहादुर कोइरालाको अध्यक्षतामा बसेको बैठकले सम्भावनाको पहिचानको लागि आउँदो पुसको २२ र २३ गते पोखरामा बृहत गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका महासचिव दामु अधिकारीले बताए ।

उनका अनुसार अन्तरक्रिया कार्यक्रममा यो क्षेत्रमा रहेका सम्पूर्ण उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधि, विकास विज्ञ र सामाजिक अभियन्ताहरु तथा सरकारी निकायका प्रतिनिधिको सहभागिता रहनेछ ।

अन्तरक्रियाबाट प्राप्त हुने निष्कर्षलाई कार्यान्वयन गराउन निजी क्षेत्रले सघाउने तथा यसको लागि सरकारी निकायसँग समन्वय र पैरवी गरिने अध्यक्ष कोइरालाले जानकारी दिए ।

यसैगरी पश्चिमाञ्चलय क्षेत्रीय उद्योग वाणिज्य संघको बैठकले नेपाल सरकारका विभिन्न निकायहरुमा उद्योग व्यवसाय दर्ता गर्दा उद्योग वाणिज्य संघहरुको अनिवार्य सिफारिसको व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्न तथा स्याङ्जा जिल्ला क्षेत्रमा पर्ने सिद्धार्थ राजमार्गको खण्डको वरपर रहेका घरहरुलाई मापडण्डको कारण देखाई बैंक तथा वित्तिय संस्थाहरुले लगानी नगरेको सन्दर्भमा सम्बन्धित निकायमा लगानीको लागि नेपाल उद्योग वाणिज्य महासंघमार्फत पहल गर्ने निर्णय पनि भएको छ ।

बैठकमा पश्चिमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्ष संजिवबहादुर कोइराला, निवर्तमान अध्यक्ष सूर्यप्रसाद मर्सानी, द्धितीय उपाध्यक्ष हरिओम शर्मा लामिछाने, महासचिव दामु अधिकारी, कोषाध्यक्ष मोतिप्रसाद पौडेल, कार्य समिति सदस्य लक्ष्मीप्रसाद त्रिपाठीसहित म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष जीवनबहादुर विश्वकर्मा, स्याङ्जा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज सुवेदी, तनहुँका अध्यक्ष कृष्णराज पण्डित, वालिङका अध्यक्ष शोभाकान्त पौडेल, पर्वत उद्योग वाणिज्य संघका वाणिज्यतर्फका उपाध्यक्ष केदारनाथ शर्मा, म्याग्दी उद्योग वाणिज्य संघका वाणिज्यतर्फका उपाध्यक्ष उत्तम कर्माचार्य, पर्वत जिल्लाका मल्लाज उपशाखाका अध्यक्ष भिष्म मल्ल, पर्वत उद्योग वाणिज्य संघका महासचिव ठाकुर वि पौडेल, कोषाध्यक्ष मानसिँह भण्डारी, सचिव कमलबहादुर जिसी र कार्यसमिति सदस्य तिला (कृष्ण) गिरीको सहभागिता रहेको थियो ।

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर — संख्या : २ जना
पद : किचन हेल्पर — संख्या : १ जना
पद : डिसवासर — संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**हार्दिक बधाई**

**श्री शकुन्तला कोइराला भूषालज्यूलाई**



हाम्री प्यारी बहिनी शकुन्तला कोइराला भूषाल पोखराको सामाजिक संस्था जेसीआई पोखरा लेडी जेसीसको हालै सम्पन्न २८औं साधारणसभा एवं २३औं अधिवेशनबाट गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

प्रो. अमला भट्टचन
**चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा



■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

- *लर्ड नेपियर*

## सम्पादकीय ...

# सांसदलाईमात्र मस्ती

सरकारले संसदमा प्रस्तुत गरेको संसदका पदाधिकारी तथा सांसदहरुको तलब, भत्ता र अन्य विविध शीर्षकका सुविधा दोब्बर वृद्धि गरिएको छ । गत आइतबार बसेको संसदको बैठकमा बहुमतबाट सो प्रस्ताव पारित भएको हो । राष्ट्रिय जनमोर्चाकी समानुपातिकी एकमात्र सांसद मीना पुनले अहिले देश र जनताको अवस्था हेर्दा सांसदहरुले आफ्नो तलब भत्ता आफैँ बढाउन नहुने मत जाहेर गरेकी थिइन् । तर उनको आवाज कसैले सुनेन् । झण्डै ५९५ को संख्यामा हाल कायम रहेका सबैजसो सांसदले ताली बजाएर आफ्नो तलब, भत्ता र अन्य पारिश्रमिक वृद्धि गर्दा नून पनि किनेर खान नसक्ने अवस्थामा रहेका चितवनको पहाडी गाविसमा बस्ने चेपाङहरु रुन्चे मुख लगाउँदै थिए भने नियम कानून बुझ्केका देशका बुद्धिजीविहरु उपहासको हाँसो हाँसिरहेका थिए । स्मरणीय छ, संसदीय अभ्यास भएका प्रजातान्त्रिक मुलुकमा आफ्नो तलब सुविधा आफैँ बढाउने गरिँदैन । सांसदले अर्को निर्वाचनबाट निर्वाचित भएर आउने सांसदहरुका लागि मात्र तलब सुविधा बढाउने गरिएको अन्तर्राष्ट्रिय प्रचलन छ । गत साउनेखि नै वृद्धि हुने भनिएको यो तलब, भत्ता र अन्य सुविधासमेत प्रत्येक सांसदले एक लाख रुपैयाँ मासिकभन्दा बढी रकम बुझ्नेछन् । यो समाचार यस्तो बेलामा सार्वजनिक भएको छ, जुनबेला आमनागरिक न्यूनतम स्वास्थ्य सुविधा राज्यबाट पाउनसमेत वञ्चित रहेका छन् । विगतका अंकहरुमा यसका केही ज्वलन्त उदाहरणहरु हामीले प्रस्तुत गरिसकेका छौँ भने उपचार खर्च नपाएर मृत्यु भएकी एक महिलाको मर्मान्त कथा र व्यथा उल्लेख गर्दैछौँ । पतिको सख्त कुटाइबाट घाइते भएर रोल्पामा उपचार हुन नसकी भैरहवा मेडिकल कलेजमा ल्याइएकी सुनकुमारी नेपालीको उपचार खर्चको अभावमा गत हप्ता मृत्यु भयो । रोल्पा जिल्ला तत्कालीन माओवादी जनयुद्धको उद्गम स्थल हो र अहिले माओवादी केन्द्रकै अध्यक्ष प्रधानमन्त्री छन् । गत मंसिर ५ गते राज्यपक्ष र तत्कालीन माओवादी विद्रोही पक्षबीच १२ बुँदे शान्ति सम्झौता भएको दश वर्ष पूरा भयो । सम्झौतापछिको १० वर्ष उपलब्धिविहीन भयो भनेर चारैतिरबाट सरकार र सांसदहरुको तीव्र आलोचना भइरहेको समयमा सांसदहरुले आफ्नो सुविधा दोब्बरभन्दा बढी हुनेगरी बढाएकोमा आमनागरिकको तीव्र आक्रोश अहिले सडकभरि छताछुल्ल हुनेगरी पोखिएको छ । जनताबाट यो तलब, भत्तालगायतका शीर्षकहरुमा भएको दोब्बर वृद्धिको आलोचना हुन्छ भन्ने जान्दाजान्दै पनि सांसदहरु निर्भीक भएर यसरी तलब बढाउन तयार हुनु आफैँमा लज्जास्पद विषय बन्न पुगेको छ । ती सांसदहरुले माग गरेका पेन्सन, भन्सार छुट गाडीलगायतका केही प्रस्तावित सुविधाहरु भने संशोधन गरी कटौती गरिएको छ । यदि यो सुविधा पनि संसदले पारित गरेको भए सांसदहरुले निर्वाचन क्षेत्रमा आएर मतदातासामु अनुहार देखाउन पनि लाज हुने थियो । फाटेको भोटो र टोपी अनि मैलो कछाड बेरेर बारीमा हलो जोत्ने किसानहरुको प्रतिनिधित्व अवश्य पनि हालका सुकिला मुकिला र अत्यधिक सुविधाभोगी सांसदहरुले गर्न सक्ने छैनन् । सांसदहरुले गत आइतबार आफ्नो तलब सुविधा वृद्धि गरिरहेको समयमा हजारौँको संख्यामा त्रिपालमुनि चिसो कहर काट्न बाध्य भूकम्पपीडित नेपालीहरुको मार्मिक अवस्थालाई अवश्य पनि आत्मसात गर्न सकेनन्। यो गणतन्त्र सम्पूर्ण नेपालीलाई आएको नभएर केही सीमित सभासदहरु र मन्त्रीहरुलाई मात्र आएको रहेछ भन्ने कुरा अहिले राम्रोसँग पुष्टि भएको छ । लोकमानसिंह कार्कीविरुद्ध संसदमा दर्ता भएको महाभियोग प्रस्तावमाथि छलफल गरेर यसलाई टुंगोमा पुर्‍याउनु पर्ने समयमा सांसदहरुले आफ्नो सुविधा आफैँ बढाउने घृणित खेलमा लाग्नु अवश्य पनि नैतिकता र आदर्श विपरितको खेल हो भन्न हामी बाध्य भएका छौँ । सांसदहरु मोटाउँदै जाने र जनता भने झन्-झन् दुब्लाउँदै जाने यो अप्राकृतिक, अस्वभाविक र अवैज्ञानिक तलब र अन्य सुविधा वृद्धिको जुनसुकै शव्दमा आलोचना गरे पनि त्यो कम नै हुनेछ ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर ८ गते बुधबार, तदनुसार नोबेम्बर २३ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णापक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णापक्षको दशमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि २८ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३२ मिनेटमा तुरुदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

**वृष** : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

**मिथुन** : आम्दानी बढ्ने, शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

**कर्कट** : एक्कासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा बिरोधी बढ्नेछन् ।

**सिंह** : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसँग समधुर ।

**कन्या** : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

**तुला** : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

**वृश्चिक** : एक्कासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ट सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

**धनु** : साथी संगीहरुसँग कलह, पेट वा कम्मरको रोग लाग्ने, मनपरेको खानामा अवरोध आउनेछ, दिन खराब छ ।

**मकर** : गरेका कार्य अधुरा हुनेछन, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

**कुम्भ** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**मीन** : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# के चाहन्छ नेकपा एमाले ?

**ईश्वर अर्याल**

संविधान बनेपछि नेकपा एमालेको नेतृत्वमा सरकार बन्ने र त्यसको नेतृत्व केपी ओलीले गर्ने भन्ने भद्र सहमति भएको कुराले त्यतिबेला मिडिया तातेको थियो । त्यो भद्र सहमतिमा तत्कालीन प्रधानमन्त्री स्वर्गीय सुशील कोइरालालाई राष्ट्रपति बनाउने कुरा पनि उठेको थियो तर संविधान बनिसकेपछि नेपाली काँग्रेसले सो सहमति पालना गर्न कुनै तदारुकता देखाएन । फलस्वरूप तत्कालीन एकीकृत माओवादीको सहयोगमा केपी ओली प्रधानमन्त्री बने । परिस्थिति एकदमै जटिल थियो । भारतले मधेसवादी नेताहरूको काँधमा बन्दुक राखेर फायर खोलिसकेको थियो ।

सो भद्र सहमतिलाई अहिलेको माओवादी केन्द्रले आफ्नै ढङ्गबाट व्याख्या गरेको छ । अध्यक्ष प्रचण्डले बेलाबेलामा स्वर्गीय सुशील कोइरालालाई राष्ट्रपति बनाउने आश्वासन र केपी ओलीलाई प्रधानमन्त्री बनाउने आश्वासन नदिएको भए अहिलेको संविधान नबन्ने जिकिर गरेका छन् । यदि यो कुरा साँचो हो भने संविधान जनताको आवश्यकता अनुसार नबनेको र नेताहरूले पद पाउने आत्मरत्तिमा रातारात संविधानमा सहमत बनेको भन्ने अर्थ लाग्छ । प्रचण्डको पनि त्यसमा केही स्वार्थ मिसिएको हुन सक्छ ।

संविधान बनेसँगै देशको राजनीतिमा महत्वपूर्ण भूमिका राख्ने एउटा पक्ष निरन्तर आन्दोलनमा होमियो । मधेसीहरूको प्रतिनिधित्व गर्ने भनिएका दलहरूले काठमाडौँको दानापानी बन्द गर्ने भन्दै आन्दोलन छेडे । त्यसको प्रतिफल स्वरूप कैलाली लगायत विभिन्न स्थानमा राज्यले दमन गर्‍यो र करिब पाँच दर्जन आन्दोलनकारीले सहादत प्राप्त गरे । केपी ओली प्रधानमन्त्री भएपछि सो दमनको शृङ्खला झन् झन् बढ्दै गयो । मधेसी आफ्नो हक अधिकारको लागि मैदान खाली गर्न नचाहने र ओलीको नेतृत्वको सरकारले त्यसलाई काउन्टर दिनको लागि सबैलाई अराष्ट्रवादी घोषणा गरेर पहाडीया जनसमुदायमा राष्ट्रवादको भ्रम छर्‍यो । यद्यपि त्यो कपोलकल्पित राष्ट्रवादलाई आवरणमा राखेर धेरै कालोबजारीया रातारात करोडपति भए । यो सबै निरीह बनेर हेरिरहेका नेपाली जनतालाई घटनाक्रमको वास्तविकतामा पुग्नबाट एमाले नेतृत्वको सरकारले रोक्न हदैसम्म प्रयास गरेको हो । चाहे पाइपबाट ग्यास सप्लाई गर्ने कुरा होस्, चाहे पानीजहाज चलाउने कुरा होस् या चाहे चुचे रेल चलाउने कुरा होस्, जनतालाई मधेस मुद्दाबाट अलग्याउन र आफू अनुकूल राष्ट्रवादको व्याख्या गराउन त्यतिबेलादेखि अहिलेसम्म सामाजिक सञ्जालको व्यापक प्रयोग गरिएको छ । प्रचार गरेर मात्र चर्चामा आउन चाहने एमालेको त्यतिबेलाको अभीष्टका शिकार भएका नेपाली जनताहरूले त्यसको असर अहिलेसम्म खेपिरहेका छन् । एउटा उदाहरण हो, मधेसीहरूको माग र त्यसको सम्बोधनको बारेमा बहुसङ्ख्यक नेपाली अझै पनि जानकार छैनन् ।

भारतको भूमिकालाई मात्र स्वीकार गर्ने तर मधेसीहरूको कुनै पनि भूमिकालाई स्वीकार गर्न नचाहने एमाले नेतृत्वको त्यतिबेलाको रवैयाको कारणले अहिलेसम्म संविधान कार्यान्वयन हुन सकेको छैन । आन्दोलनकारीहरूको माग आन्दोलन कै अवस्थामा सम्बोधन हुनुपर्थ्यो, अहिलेसम्म त्यसलाई गिजोलेर एमालेले संविधान कार्यान्वयनमा भाँजो त हालेकै छ, हाल बहसमा आएको संविधान संशोधनको मुद्दामा पनि एमाले असहिष्णु बनेर लगातार राजनीतिक सहमतिको विरुद्धमा आफूलाई उभ्याइरहेको छ ।

नेकपा एमाले समेतको संलग्नता भएका धेरै सरकारहरूले पहिलो मधेस आन्दोलनदेखि मधेसवादी दलसँग निरन्तर सम्झौता गरिरहेका छन् । चाहे त्यो अन्तरिम संविधानका धाराहरू संशोधन गर्ने क्रममा होस्, चाहे आफ्नो नेतृत्वमा सरकार बनाउन प्रयास गर्ने क्रममा गरिएको सम्झौता होस् । मधेसवादी दलहरूले बेलाबेलामा आफ्नो माग कुनै पनि नयाँ नभएको र पुरानै सम्झौतालाई आधार मानेर त्यसलाई लागू गराउनको लागि अहिलेको आन्दोलन भएको प्रस्ट पारेका छन् । पहिला सम्झौता गर्न हुने र अहिले आएर सो सम्झौता कार्यान्वयन गर्न नहुने एमालेको धारणा देशलाई फेलियर स्टेटतर्फ धकेल्ने रणनीति हो । यस्तो दोहोरो चरित्र नेकपा एमालेले बारम्बार दोहोर्‍याएको छ ।

अङ्गीकृत नागरिकहरूलाई प्रमुख पदहरू दिने कुराको पक्षमा स्वयं मधेसवादी दलहरू छैनन् भनेर उपेन्द्र यादवलगायतका नेताहरू बोलिसकेका छन् । नागरिकता वितरण पनि सङ्घीय कानुनअनुसार नै हुने भनेर संविधानमा स्पष्ट व्याख्या गरिएको छ र त्योसम्बन्धी कानुन संविधानको सफल कार्यान्वयनपछि मात्र बनाउन सम्भव हुन्छ । बाँकी सीमाङ्कन र समावेशी समानुपातिकको मागमा लचिलो हुने धेरै ठाउँ देखिए पनि नेकपा एमालेले सो लचिलोपनालाई बारम्बार नजरअन्दाज गरेर परिस्थितिलाई भड्काउन उद्यत छ ।

सीमाङ्कनमा पूर्वका तीन वटा जिल्ला र पश्चिमका दुई वटा जिल्ला बढी संवेदनशील बनेका छन् र यसमा मधेसवादी दलहरू पनि पछिल्लो समयमा लचिलो बनेर प्रस्तुत हुने गरेका छन् । समस्या कहीँ पनि देखिँदैन तर नेकपा एमालेले हुँदै नभएका समस्या देखाएर जनतालाई दिग्भ्रमित पार्दै जनताको संवेदनशीलतामा कठोर राजनीति गरिरहेको पछिल्लो राजनीतिक अवस्थाले प्रस्ट पार्छ ।

देश भुटानीकरण भयो, सिक्किमीकरण भयो भन्ने जस्ता बेतुकका कुरा जनमानसमा छरेर जनतालाई डर देखाएर एमालेले आफूलाई राष्ट्रवादी सिद्ध गर्न खोजिरहेको सन्दर्भमा धेरै प्रश्न उठ्ने गर्छन् । भारतसँग महाकाली सम्झौतादेखि लिएर कर्णाली सम्झौतासम्म एमालेले ताली पिटेर स्वीकृत गर्दा नभएको भुटानीकरण अहिले प्रचण्डले नेतृत्व गरेको सरकारले देशलाई भुटानीकरण गर्‍यो भन्नु एउटा हाँस्यकला मात्र प्रस्तुत गर्नु हो ।

भुटानीकरण भएकै हो भन्ने तथ्यगत आधार फेला पारेको भए सदनमा राम्रो उपस्थिति भएको एमालेले संसद् अवरोध गर्न सक्थ्यो, कुनै आन्दोलनको घोषणा गर्न सक्थ्यो । विनाकारण ५२ दिनसम्म संसद् अवरोध गर्न सक्ने एमालेले राजनीतिक फाइदा लिनकै लागि अहिले भुटानीकरणको राग अलापेको अलाप्यै छ । जुन दिन यस्ता भ्रम सार्वजनिक हुन्छन्, त्यतिबेलै एमाले सर्वाङ्ग नाङ्गो हुनेछ ।

संविधान संशोधन गरेर मधेसी दलहरूले उठाएको उचित माग पूरा नगरेसम्म कुनै पनि निकायको चुनाव हुन सक्दैन भन्ने कुरामा एमाले प्रस्ट देखिन्छ । संविधान संशोधन गर्न तयार नहुनु भनेको चुनाव गर्न तयार नहुनु हो । चुनाव नहुनु भनेको संविधान संस्थागत नहुनु हो र देशलाई पुनः एक पटक भारत र पश्चिमा शक्तिहरूको चाहना अनुकूल खाडलमा खसालेर अस्थिरता सिर्जना गर्नु हो । अहिलेको एमाले त्यही पथमा लागिरहेको प्रस्ट छ ।

संविधान घोषणा भइसकेपछिको जुनसुकै देशको देशको स्थिति निकै संवेदनशील हुने गर्छ किनभने देश सङ्क्रमणको स्थितिमा हुन्छ । परिवर्तनलाई नस्वीकार्ने जमात एकथरि जन्मिन्छ, त्यसैकारणले भइसकेको परिवर्तनलाई स्वीकारेर देशलाई दीर्घकालीन स्थिरताको बाटोमा लैजाने शक्तिहरूको बीचमा एकता हुनु आवश्यक छ । एमालेले आफ्नो कित्ता स्पष्ट रूपमा परिवर्तन नस्वीकार्ने दिशातर्फ घुमाएको छ । यदि संविधानलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने हो भने यो संविधानको लागि भएका तमाम सङ्घर्ष र त्यसमा सहादत प्राप्त गर्नेहरूको उच्च मूल्याङ्कन गर्न एमाले तयार हुनुपर्थ्यो ।

सत्ताबाट हठात बाहिरिनुपरेको रिस नेकपा एमालेले अहिले देशका जनतामाथि पोखेको छ । देशलाई अनिश्चित वातावरणमा धकेल्ने रणनीति अनुरूप एमालेले कृत्रिम रूपमा राष्ट्रवाद र अराष्ट्रवादको बीचमा ध्रुवीकरण तीव्र पारेको छ । एमालेले जे जस्तोसुकै राष्ट्रघात गरेको भए पनि त्यसलाई राष्ट्रवादको नाम दिन भनेर समाजमा एकथरि असामाजिक समूहले हौवा पिटाएका छन् ।

एमालेको विरोध गर्नेबित्तिकै भारत परस्तको आरोप खेप्नुपर्ने कुसंस्कारलाई जनताले जमेर भण्डाफोर गर्नुपर्ने देखिन्छ । माथिका हरफहरू नेकपा एमालेले देशमा के गर्न चाहन्छ भन्ने विषयमा केन्द्रित छन् । यी सबै घटनाक्रमको विकास र एमालेको रवैया माथि अन्य दलहरूले लिएका हठात निर्णयको पनि भागिदारी छ । सत्तामा टिकिराख्न एमालेले



बहुदलकालमा भारतसँग पटक-पटक लम्पसार परिरहेको दृश्यलाई भुल्न नसक्नेहरूले अहिलेको सङ्क्रमणकालीन सरकारले भारतसँग घटाउन खोजेको दूरीलाई भुटानीकरण गरिएको हो भनेर मान्न तयार छैनन् । बरु मधेसको मुद्दालाई जबर्जस्ती भारतको मुद्दा हो भनेर जनमानसमा भ्रम छर्न खोजेर एमालेले अर्को राष्ट्रघातको शृङ्खला खडा गरिरहेको छ ।

लोकमान प्रकरणमा विना तयारी हात हालेर संशोधनको मुद्दालाई ओझेल पान खोजिएको भन्ने मधेसवादी दलहरूको दलीलमा आंशिक सत्यता छ । 'सौताको रिसले पोईको काखमा पिसाब फेर्ने' भन्ने पुरानो उखानको चरितार्थलाई नेकपा एमालेले जनतामाथि विश्वासघात गरेर पुष्टि गरेको छ भन्ने कुरामा दुईमत छैन ।

भुटानीकरणको भ्रम छरेर देशलाई अनिश्चितताको खाडलमा जाक्ने र त्यसैलाई राष्ट्रियताको मुद्दा बनाएर आगामी चुनाव जित्ने दाउमा लागेको एमालेले सामाजिक सञ्जालमा अफवाह फैलाउँदैमा जनता आफ्नो पक्षमा आउँदैनन् भनेर राम्रोसँग बुझ्न जरुरी छ । आफू सरकारमा जाँदा सबै ठीक देख्ने र बाहिरिएपछि केही पनि ठीक नदेख्ने एमालेको दृष्टिदोषलाई दूरदर्शिता भनेर पत्याउने जो कोही पनि पछि पछुताउनुपर्ने देखिन्छ । राष्ट्रिय एकताको जगेर्ना गर्नको लागि देशभित्र अस्तित्वमा रहेको सबै धर्मसंस्कृती, भाषाभाषी, जातियताहरूको बराबर सम्मान गर्नुपर्छ भन्ने कुरा जुन दिन सबै जनतालाई थाहा हुन्छ, त्यही दिनदेखि एमालेले समातेको नशिलय ओलीपथ पतन हुनेछ भन्ने कुरामा यो पङ्क्तिकार आशावादी छ ।

# नेपालका राजनीतिक दल वंशज कि अंगीकृत ?

**वीरेन्द्र केएम**

यसमा कुनै दुईमत हुन सकिन्न कि मधेशी जनताले आफ्ना अधिकारका लागि पछिल्ला दिनहरूमा विशाल आन्दोलन गरेका थिए र अझै पनि आन्दोलनकै मूडमा देखिएका छन् । तर पछिल्लो पटक देशको राजनीतिक बजारमा वंशज र अङ्गीकृत पक्षबीच 'वार' नै सुरू भएको छ । जबकी विभिन्न वाद विवाद यतिबेला मधेशी जनतालाई अधिकार सम्पन्न कसरी गर्ने त्यसमा चिन्तित हुनुपर्ने हो र स्वच्छ बहस गर्नुपर्ने हो । तर यहाँ त्यस्तो भएको छैन । दुई ओटै पक्ष प्रायोजित रूपमा एक अर्कालाई आरोप प्रत्यारोप लगाउनमा ब्यस्त रहेका छन् । एउटा पक्ष आयातित मधेशी जनतालाई अङ्गीकृतका नाममा देशद्रोहीसम्म ठान्दै छन् भने अर्को पक्ष रैथाने वंशज मधेशीको बाधकका रूपमा आयाततिलाई बढी अधिकार दिन लागिएको आरोप लगाएका छन् । जबकी यी दुवै पक्षले गरिरहेको बहस भने स्वतन्त्र रहेको छैन । बरू दुवै किसिमका बहसहरू स्वार्थले भरिएको छ ।

तर, यसैबीच यस यथार्थलाई पनि नकार्न सकिन्न की यस देशमा पुरूषको न्यून अनि महिलाहरूको संख्या धेरै छन्, अङ्गीकृत नागरिकता पाएकाहरू मध्येमा । यद्यपि यो पनि ध्रुवसत्य पनि नकार्न सकिन्न की यस मुलुकका अधिकांश बासिन्दा कही न कहीबाट आयातित नै हुन् भने केही पहिले कोही अहिलेको विवाद जारी रहेको छ । भारतमा मधेशी जस्तै संस्कृति परम्पराधारी भारतीयलाई देशी भनिन्छ भने नेपालमा सोही किसिमको नागरिकलाई मधेशी भनिएको छ । जबकी पहाडी मूलका नागगरिकले आफू भारतमा बसेपनि या नेपाल तथा अन्य कही बसेपनि उनीहरूले आफूहरूलाई नेपाली नै भनी स्थापित त गराए तर तिनीहरूलाई भारतमा पनि अन्य स्थानमा पहाडी नै भनियो ।

मधेशीको विशेष त भारतको यूपी र बिहारमा सम्बन्ध रहेको छ भने प्राय मधेशी उतैबाट आएका हुन् भन्ने यथार्थलाई पनि नकार्न सकिन्न । तर कोही पहिला आए कोही पछि आए त्यो पनि केहि रूपमा खोजीको विषय हो । यदपी वर्तमान नेपालको कुरा गर्ने हो भने भारतको यूपि र बिहारबाट आउनेहरूले प्राय: अङ्गीकृत नै नागरिकता बनाए भने सिक्किम, दार्जिलिङ, मणिपुर, नागाल्याण्ड कुमाउ, गडवाल, तिब्बत, भुटानबाट आएकाहरू रातारात सिधै वंशज अनि केहीले जन्मसिद्ध तर निकै थोर संख्याले अङ्गीकृत नागरिकता बनाए । यस्तोपनि तर्क गर्ने संख्यात्मक रूममा कुनै कमी छैन र उक्त तर्कलाई यस कारण पनि केही हदसम्म स्वीकार गर्नै पर्दछ की पहाडी मूलका नेपाली देशको प्राय: महत्वपूर्ण शासनकेन्द्रहरूमा उपस्थितिलाई बजबुत बनाएका छन् । चलाखीपूर्ण रूपमा वंशज नागरिकता धेरै संख्यामा लिए तर मधेशी जनता त्यति बुद्धि लगाएनन् भने केही समय अघिसम्म मधेशी जनता नागरिकता बनाउन समेत त्यति आत्तूर देखिदैनन् थिए भने विभिन्न सरकारी टोलीहरू जाँदा बल्ल-बल्ल विभिन्न दबाबपछि मात्र उनीहरू नागरिकता बनाउन तयार हुन्थे । अङ्गीकृत नागरिकताको बारेका कुरा गर्ने हो भने प्राय: वैवाहिक अङ्गीकृत नागरिकता लिनेहरूको संख्या धेरै रहेको छ । तर, पछिल्लो पटक यो ध्रुवसत्यलाई नकार्न पनि सकिन्न की भारूमा मोटो दाइजोसहित भारतमा ज्वाईको र नेपालमा ससुराको अवैध कारोबार आदि स्वार्थकै कारण पनि भारतमै वैवाहिक सम्बन्ध हुने गरिएको छ, किनकि नेपालमै कुनै पनि जातका काबिल केटी छैन भन्ने होइन । यद्यपी स्वच्छ विचारलाई आधार मान्ने हो भने अङ्गीकृत नागरिकताधारीहरूलाई प्रमुख संवैधानिक पदहरूमा त के विभिन्न आरक्षणमा समेत रोक लगाउनुपर्छ । तर उनीहरूलाई नेपालमा बसोबास गर्न, रोजगार गर्न वा जागिर नै खानदेखि राजनीति समेत गर्न रोक लागाउनु हुन्न । यद्यपी आरक्षण र महत्वपूर्ण संवैधानिक पदमा भने रोक लगाउँदा खासै अन्याय नहोला । तर यसैबीच नेपाली नागरिकता पनि नत्याग्ने तर विदेशी विभिन्न देशमा डिभि पिआर सहित विदेशका नागरिक समेत बन्ने नागरिकको हकमा स्वत: उसको नागरिकता नै खारेज हुनु पर्दछ ।

त्यसो त मधेशी जनतालाई अधिकार सम्पन्न गराउन मधेश आन्दोलन भएको थियो तर अङगीकृतका नाममा विभिन्न बहस भइरहँदा मधेशका अन्य मागहरू कतै गौण हुने हो की भन्ने चिन्ता पनि उत्तिकै रहेको छ । तसर्थ, यसै बहानामा मधेशमा भएका आन्दोलनलाई बदनाम र शहीदलाई अपमान गर्नु हुँदैन । अङ्गीकृतबारे मुद्दामा अल्झेर सीमाङ्कन, समानुपातिक समावेशीकरण, भाषा र जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व जस्ता महत्वपूर्ण एजेण्डाहरूलाई समेत गौण गरिनु हुन्न ।

हुन त अहिले अंगीकृत नागरिकता र भाषाको विषयले चर्चा पाएको छ । अंगीकृत नागरिक भन्ने बित्तिकै हामी "भारतिय मूल" कालाई मात्रै सम्झन्छौं । नेपालमा भारत, चीन, अमेरिका, यूरोपियन मूलूक, रसिया लगायत देशका नागरिकहरूले पनि अंगीकृत नागरिकता प्राप्त गरेका छन् । भारतको उत्तरपूर्वी राज्यबाट आएका नेपालीभाषीहरूले वंशजका आधारमा नागरिकता लिएका छन् तर यिनीहरू पनि अंगीकृत नै हुन् ।

साथै, यहाँ अर्को पनि तर्क वितर्कहरू त्यति नै मजबुत रहेका छन् । अनि प्रश्न उठ्छ, जुन देश नै आफैमा अङ्गीकृत हुन्छ त्यहाँ धेरै अङ्गीकृतबारे विभिन्न बहस गरेर साध्य हुन्छ र ? त्यसो त यहाँका कुनैपनि पार्टीहरूको आफ्नो "वाद" छैन विभिन्न वादहरू (माओवाद, लेलिनवाद, मार्क्सवाद, समाजवाद) जतिको जन्म विदेशमा भएको होइन र, त्यहीँ वाद नेपालमा प्रयोग भएपछि यो वंशज कि अंगीकृत ?

जुन देशका जनता यहाँ केही छैन भन्दै डिभी पिआर लिएर पुस्तौंपुस्तादेखि विदेशिने अनि यहाँको नागरिकता पनि नत्याग्ने त्यसका छोराछोरी यहाँका वंशज कि अङ्गीकृत ? प्राय सबै प्रमुख पार्टीहरूको जन्म भारतमा हुने अनि



राजनीति नेपालमा गर्ने यी पार्टीहरू स्वंय वंशज कि अंगिकृत ? यी र यस्ता तर्कहरूको समाधान खोज्नु पनि उतिकै जरूरी रहेको छ ।

त्यसो त नेपाली नेपाली भन्दै हिन्दीप्रति वितृष्णा देखाउने र मैथिली, भोजपुरी, अवधिप्रति माया दर्शाउनेहरू सायद यो कुरा बिर्सेका छन् कि मैथिली बिहारका राष्ट्रिय भाषा, भोजपुरी अवधी युपीका राष्ट्रिय भाषा हुन् । अनि नेपाली सिक्किमका राष्ट्रिय भाषा सहित भारतीय संविधानको अनुसूचीमा सुचिकृत भाषा हो । साथै देवनागरीक लिपि समेत भारतबाटै उपज भएको लिपि हो । त्यसैले धेरै नै हामीले फुर्ती लगाउने हो भने हामिले छुटै लिपि निर्माण गर्नुपर्दछ र छुटै नयाँ भाषा लागू गर्नुपर्दछ । के यसका लागि हामी तयार हुन सक्छौ ? यसबारे पनि उतिकै बहस गर्नु जरूरी छ ।

तसर्थ, यी विभिन्न तर्क, कुर्तक आदिमा न अल्झिएर समय फालिनु हुँदैन । यी झिना मसिना बहसमा अल्झिनु पनि हुँदैन । यहाँ रहेका सबै नागरिकका हितमा कदम चालिनुपर्दछ र अहिलेको समयको माग नै यही हो । (मधेश दर्पण फिचर सेवा)

# वातावरणमैत्री सिप हस्तान्तरण तालिम



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ मंसिर ।**

रेडियो जननीको आयोजना र जिल्ला विकास समिति कास्कीको सहयोगमा ढिकुरपोखरी गा.बि.स. मा २ दिने उद्यमशिलता तथा वातावरणमैत्री सिप हस्तान्तरण तालिमको समापन भएको छ । कार्यक्रमका प्रमुख अतिथि ढिकुरपोखरी गा.बि.स.का गा.बि.स. सचिव थानेश्वर ढुंगानाले खेर जाने वस्तु बाट माला, ब्याज बनाएर यँहाका महिलाहरुले आयआर्जन गर्न पाउने भएकोले यो तालिम राम्रो भएको बताए। उनले जबसम्म नारीलाई आर्थिक स्वतन्त्रता दिईदैंन तबसम्म शान्ति नहुने बताउँदै महिलाहरुलाई सिपको सदुपयोग गर्न आग्रह गरे । रेडियो जननीकी अध्यक्ष हिरा भट्टराईले सिप सिकेर व्यवहारमा उर्तानु पर्नेमा जोड दिइन । उनले सिप सिकेर हस्तकला उद्योग खोल्न सुझाव दिंदै बजार व्यवस्थापनका लागि पद्मावती हस्तकला उद्योगले सहयोग गर्ने बताइन ।

रेडियो जननीका स्टेशन मेनेजर बिमला भण्डारीले अन्य क्षेत्रमा धेरै तालिम दिईसकेको भन्दै ढिकुरपोखरी गा.वि.स.का महिलाहरु पनि तालिमबाट लाभान्वित हुने उदेश्यले तालिम दिएको बताइन । उनले फूल, व्याज, माला लिन पोखरा पुग्नुपर्ने समस्यालाई यो तालिमले समाधान गर्ने बताए ।

कार्यक्रममा लैंगिक हिसां निगरानी समूहका संयोजक तथा तालिमका सयोंजक राधा कुँवरले सिप सिकेर व्यवसायमा लाग्न सके कसैले हेप्न नसक्ने बताए। तालिमको प्रशिक्षण चिनु थापाले दिएकी थिइन भने ढिकुरपोखरी गाविसका ९ वटा वडाका ३० जना महिलाहरुको सहभागिता रहेको थियो । रेडियो जननीका अध्यक्ष हिरा भट्राईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत रेडियोका स्टेशन म्यानेजर विमला भण्डारीले गरेका थिए भने कार्यक्रम सञ्चालन रेडियोका वरिष्ठ कार्यक्रम संचालक गंगा मरासिनीले गरेका थिए ।

## चैत्रमा चुनाव

**म्याग्दी ७ मंसिर ।**

नेकपा एमाले म्याग्दीको नवौं जिल्ला अधिवेशन आगामी चैतमा हुने भएको छ। सोमबार बेनीमा पार्टी अध्यक्ष हरिकृष्ण श्रेष्ठको अध्यक्षतामा सम्पन्न जिल्ला कमिटी बैठकले चैत ४ र ५ गते बेनीमा पार्टीको नवौं जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको हो । एमाले स्थायी समिति सदस्य एवम् प्रदेश नम्बर ४ का संयोजक किरण गुरुङको प्रमुख आतिथ्यमा भएको बैठकले उक्त निर्णय गरेको हो ।

**आवश्यकता**
**पुरूष कर्मचारी**
संख्या : केही
सम्पर्क
**कोशेली प्रकाशन**
फोन :०६१-५२०६४४
(बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म)

# हार्दिक समवेदना



जन्मः वि.स.:२०४७/०९/०३ गते

**स्व. समीक्षा बराल**

स्वर्गारोहणः वि.स.:२०७३/०७/२८

कपडा व्यवसायी एशोसिएशन पोखराका पूर्व कार्यसमिति सदस्य श्री सूर्य बरालकी स्नेही बहिनी **समीक्षा बरालको** अल्पायूमै अकल्पनीय निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं । उहाँको निधन भएको आज ११औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**यमनाथ तिमिल्सिना**
अध्यक्ष एवं
**कपडा व्यवसायी एशोसिएशन पोखरा परिवार**

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

**पोखरामा पहिलो पटक**
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, नुप्पाङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
**पोखरा हर्वल होम्स**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

**अनेक समस्या सफल उपचार**
**ग्याष्ट्रिक**: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
**यौन समस्याः-** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जस पाइन्छ ।
**महिला सम्वन्धि समस्या**
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**
**सुन्दरता**:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।**
**थप उपचार**:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
**हाम्रो विशेषताहरू :**
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
**आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि**
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

नेपाल सरकार
खानेपानी तथा सरसफाइ मन्त्रालय
खानेपानी तथ ढल निकास विभाग
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, पर्वत

# एच.डि.पी. ई. पाइप, जि.आइ.पाइप, फिटिङ्गस तथा टुल्स आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०७३/०८/०८ गते)

खानेपानी तथा ढल निकास विभाग अन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पर्वतद्वारा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुको विभिन्न बजेट उप-शीर्षकहरु अन्तर्गत चालु आर्थिक वर्ष ०७३/०७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल गुणस्तर प्राप्त वा स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका विभिन्न साईज तथा सेरिजका एच.डि.पी.ई.पाइप, जि.आई.पाइप, फिटिङ्गस तथा टुल्सहरु शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त बोलपत्र दाता वा निर्माता कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहने गरी यस कार्यालयबाट शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

१. एच.डि.पी.ई. पाइप, जि.आई.पाईप, फिटिङ्गस तथा टुल्स सप्लाई सम्बन्धी बोलपत्र फारम यो सूचना प्रकाशित मितिले ३० (तीस) दिन भित्र अर्थात् २०७३ साल पौष ६ गतेसम्म रु.१०००।- (फिर्ता नहुने गरि) ईच्छुक बोलपत्र दाताहरुले बुझाई लिखित निवेदनको साथमा बोलपत्र दाताको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता गरिएको प्रमाणपत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाण पत्र तथा अघिल्लो आ.व.सम्म कर तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु सम्बन्धित कार्यालयमा पेश गरी बोलपत्र खरिद गर्न सकिनेछ ।

२. ईजाजत पत्र प्राप्त व्यक्ति वा फर्महरुको हकमा बोलपत्र खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को दफा २५ को उपदफा ३ बमोजिम आपूर्ति गरिने एच.डि.पी.ई. तथा जि.आई.पाईप को हकमा बोलपत्र दाता आफैले उक्त पाईप नबनाउने वा उत्पादन नगर्ने भएमा नेपाल गुणस्तर चिन्ह प्राप्त उत्पादकले बोलपत्र बमोजिम मालसामान आपूर्ति गर्ने सम्बन्धि अधिकार आफूलाई एकलौटीरुपमा रीत पुर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्र दाताले बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

३. बोलपत्र पेश गर्दा माथि उल्लेखित प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालयबाट बिक्री भएको बोलपत्र फारममा दररेट महलको अंक र अक्षर दुवै स्पष्ट उल्लेख गरि लगत ईष्टिमेट (भ्याट समेत) अंकको २.५ (साढे दुई) प्रतिशतले हुने जमानत वापतको धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्वतको ०६६०२०००३२३३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र (बिडबण्ड) को साथै उल्लेखित सम्पूर्ण कागजात संलग्न गरि सूचना प्रकाशित भएको मितिले ३१ (एकतिसौं) दिन अर्थात् मिति २०७३ साल पौष ७ गते दिनको १२:०० बजेसम्म कामको विवरण समेत उल्लेख गरिएको शिलबन्दी खाम सम्बन्धित कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

४. दर्ता हुन आएका बोलपत्रहरु दर्ता हुने अन्तिम दिन अर्थात् मिति २०७३ साल पौष ७ गते दिनको १.०० बजे उपस्थित बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा नै खोलिने छ । बोलपत्र दाताहरुको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोलिने अन्तिम दिन बिदा पर्न गएमा त्यसको पछि लगतै कार्यालय खुलेको दिन क्रमशः सो कार्यहरु गरिनेछ ।

६. म्यादभित्र दर्ता हुन नआएको तथा अन्य कुनै रित नपुगेको बोलपत्र उपर कुनै किसिमको कारवाही हुने छैन ।

७. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा नै निहित रहनेछ।

८. कुनै किसिमको अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

९. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।

| ठेक्का नं. | ठेक्काको विवरण | ल.ई.रकम (मू.अ.कर समेत) दुवानी सहित | डेलिभरी स्थान |
|---|---|---|---|
| ३/०७३/०७४ | एच.डि.पी.ई पाइप सप्लाई | बोलपत्र फाराममा उल्लेख भए अनुसार | खा.पा.तथा स.डि.का.पर्वत |
| ४/०७३/०७४ | जि.आई.पाइप तथा फिटिङस सप्लाई | बोलपत्र फाराममा उल्लेख भए अनुसार | खा.पा.तथा स.डि.का.पर्वत |
| ५/०७३/०७४ | जि.आई.पाइप,फिटिङस तथा टुल्स सप्लाई | बोलपत्र फाराममा उल्लेख भए अनुसार | खा.पा.तथा स.डि.का.पर्वत |

**डिभिजन प्रमुख**

# शिक्षकले झोला बोक्न थालेपछि विद्यार्थी उत्साहित

**गोरखा ७ मंसिर ।**

शिक्षकले कक्षामा जाँदा पूर्वतयारी गर्नु उनीहरूको नियमित दायित्व भएपनि मुलुकका अधिकांश विद्यालयमा त्यस अभ्यासको निरन्तरता छैन । खाली हात कक्षामा गएका शिक्षकसँग उसको ज्ञान र अनुभव त होला तर शैक्षिक सामग्रीबिना उसको शिक्षण विषय केन्द्रित नहुन सक्छ । शिक्षक तालिममा शिक्षकले प्राप्त गरेको सीपलाई सहीरुपमा प्रयोग गर्ने हो भने शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तकबमोजिम दैनिक पाठयोजना बनाएर शैक्षिक सामग्रीसहित कक्षाकोठामा जानुपर्नेमा शिक्षा नियमावली र विद्यालय क्षेत्र सुधार कार्यक्रमले बोलेपनि त्यसको पालना नहुँदा शैक्षिकस्तर खस्केको पाइएको अवस्थामा जिल्लामा 'एक शिक्षक, एक झोला' कार्यक्रम अभियानकै रुपमा कार्यान्वयन भएको छ, जसका कारण विद्यार्थीको सिकाइ प्रभावकारी हुन थालेको छ ।

गोरखाको कालिका अमरज्योति प्रावि, रातमाटेका कक्षा ५ का विद्यार्थी सगुन श्रेष्ठ पहिले पहिले जस्तो शिक्षकहरू खाली हात कक्षा कोठामा आउने क्रम अन्त्य भएको र उहाँहरूले अनिवार्य झोला लिएर आउँदा आफूहरूलाई सिक्न सजिलो भएको बताए। "सबै शिक्षकले तयारी गरेर कक्षामा आउने गर्नुहुन्छ, झोलामा कापी, सिसाकलम, डायरी र पुस्तक बोकेर आउनुहुन्छ", श्रेष्ठले भने । शिक्षकले घरमा पूर्वतयारी गरेर भोलिपल्ट विद्यालय जाने गरेका छन् ।

सो विद्यालयका प्रधानाध्यापक तिलक काप्रीले जिल्ला शिक्षा कार्यालयको निर्देशनबमोजिम आफूहरूले 'एक शिक्षक, एक झोला' कार्यक्रमलाई निरन्तरता दिएको र यसले सकारात्मक प्रभाव परेको बताए । उनले शिक्षकले नियमित तयारी गरे नगरेको बारेमा विद्यालय निरीक्षक र स्रोत व्यक्तिबाट अनुगमन हुने गरेको बताए। पाटदेवी मावि, बोर्लाङका शिक्षक सन्तोष पोखरेल पनि विद्यालयमा आफूहरूसँग हुने झोलाका सामग्रीलाई आवश्यकता अनुसार प्रयोग गरिने र यसले खासगरी तल्लो तहका विद्यार्थीलाई सिकाउन बढी उपयोगी हुने बताउछन् । "रित्तै जानु र झोला लिएर जानुमा फरक छ, विद्यार्थीको उत्साह झोला लिएर जाने शिक्षकमा हुँदोरहेछ ।" यो कार्यक्रम बागलुङमा पनि लागू भएको छ ।

जिल्ला शिक्षा अधिकारी दीपेन्द्र सुवेदीले 'एक शिक्षक, एक झोला' कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्न गत वर्ष निर्देशन दिएको र सिकाइ सुधारबारे सबै शिक्षक र अभिभावकलाई आफूले पत्राचार गरेका थिए । 'एक शिक्षक, एक झोला' कार्यक्रमपछिको नयाँ शैक्षिक सत्रको पहिलो त्रैमासिकको शैक्षिक उपलब्धिको विश्लेषण भइरहेको र प्रारम्भिक निचोडमा त्यसको सकारात्मक प्रभाव परेको पाइएको बताए ।

हाल जिल्लामा ४४९ विद्यालयमा २,६२३ शिक्षक छन् । जिल्लामा भूकम्पले ध्वस्त भएकामध्ये २५० विद्यालय पुन:निर्माणका लागि अझै रकमको सुनिश्चितता नभएको भन्दै सुवेदीले त्यसका लागि शिक्षा मन्त्रालय र अर्थ मन्त्रालयमा पटक-पटक आग्रह गरिएको बताए।

कालिका अमरज्योति प्रावि, रातमाटेमा हालै खाल्सा एडको सहयोगमा नयाँ पाँचकोठे भवन हस्तान्तरण भएको थियो । सुवेदीले भने-"पूर्वाधार विकास पनि हाम्रो प्राथमिकता हो, तर भवन हुँदा मात्र सिकाइ स्तर सुध्रने होइन, शिक्षकले राम्रोसँग पढाएनन् र विद्यार्थीले बुझेनन् भने भोलिका कर्णधारले रोजगार नपाएर खाडीतिर जानुपर्ने बाध्यता हुन्छ, त्यसैले शैक्षिक गुणस्तर सुधारमा पनि उत्तिकै जोड दिएका छौँ ।" रासस

# प्याब्सन कास्कीको अधिवेशन तयारी पूरा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ मंसिर ।**

प्याब्सन कास्कीको यहि मंसिर १२ गते पोखरामा हुने १७ औं अधिवेशनको तयारी पूरा भएको छ। अधिवेशनका लागि गर्नुपर्ने सबै तयारी पूरा भएको छ प्याब्सन कास्कीका अध्यक्ष चिनु रानाभाटले भने-'अधिवेशनलाई सभ्य र भव्य बनाउने गरी तयारी गरेका छौं।' उनले एकै दिन उद्घाटन र बन्द सत्र सहित निर्वाचन पनि गरिने जानकारी दिए।

राष्ट्रिय परीक्षा बोर्डका सदस्य सचिव सूर्यप्रसाद गौतमले अधिवेशनको उद्घाटन गर्ने छन्। त्यस्तै प्याब्सनका केन्द्रीय अध्यक्ष लक्ष्यबहादुर के.सी लगायतको सहभागिता रहने बताइएको छ।

अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने भएका कारण प्याब्सनमा आवद्ध विद्यालय सञ्चालकलाई चुनावी सरगर्मीले छोएको छ।

अधिवेशनले एक अध्यक्ष, दुई उपाध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष, दुई सहसचिव, एक सह कोषाध्यक्ष र १९ सदस्य चयन गर्ने छ। प्याब्सन कास्कीमा एक सय दुई वटा निजी विद्यालय आवद्ध छन्। अहिलेको कार्य समितिको कार्यकाल तीन वर्ष रहेपनि अब बन्ने कार्य समिति दुई वर्षका लागि हुने छ।

विधान संशोधन गरी कार्य समितिको कार्यकाल एक वर्ष घटाइएको छ।

प्याब्सन कास्कीका अध्यक्ष चिनु रानाभाटले आफ्नो कार्यकालमा कास्कीमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन सकेको उल्लेख गरे। निजी विद्यालय र शैक्षिक सरोकार निकायवीच सुमधुर सम्वन्ध बनाउन सके उनले भने-'यसलाई ठूलो उपलब्धि ठानेको छु।'

उनले प्याब्सन कास्कीले भूकम्प प्रभावितका लागि ५० लाख रुपैयाँ सहयोग गर्नुको साथै नाकाबन्दिको समयमा भारतबाट इन्धन ल्याएर समेत विद्यालय सञ्चालन गरेको बताए।

त्यस्तै, विद्यालयका संस्थापक, शिक्षक र चालकका लागि समेत तालिम, अभिमुखीकरण जस्ता कार्यक्रम गरेको छ। विद्यार्थीका लागि खेलकुद महोत्सव लगायतका अतिरिक्त क्रियाकलापमा समेत जोड दिइएको उनको भनाई छ।

# गन्धर्वलाई मितले बनाइदिए घर

**गोरखा ७ मंसिर ।**

गाउँघरतिर अनुहार मिल्ने अर्को व्यक्तिसँग मित बोल्ने गरिन्छ । मित लगाएपछि एकले अर्कोको घरमा आउजाउ गर्ने प्रचलन रहन्छ । मितले चाहे भने मितलाई दु:ख परेका बेला कतिसम्म सहयोग गर्न सक्छन् भन्ने उदाहरण गोरखाको मसेलस्थित घ्याम्पेशालमा भेटिन्छ । भूकम्पले मितको घर क्षति भएको थाहा पाएका अमेरिकाका ब्यान्डेनले आफ्ना मित ठाकुर गन्धर्वको घर बनाइदिएका छन् । मसेल-९ लामाचौरमा करिब रु १० लाख लगानी गरी ब्यान्डेनले एकतले भूकम्पप्रतिरोधी घर बनाइदिएका हुन् ।

माटोले भरेको बोराको गाह्रो, बाँस, ढुङ्गा, माटो, सिमेन्ट, बालुवा, थोत्रा सिसाका बोतल लगायत सामग्रीको प्रयोग गरी एककोठे एकतले घर निर्माण गरिएको गन्धर्वले जानकारी दिए।

सिद्धकाली माध्यमिक विद्यालय, तान्द्राङका शिक्षकसमेत रहेका गन्धर्वले केही वर्ष पहिले गाउँ अवलोकनमा आएका ब्यान्डेनसँग मित लगाएका थिए ।

भूकम्पले घर भत्केपछि अस्थायी टहरोमा बसिरहेका मितलाई अमेरिकी नागरिक बान्डेनसहितको टोलीले श्रमदान गरी नयाँ घर बनाइदिएका हुन् । भूकम्पप्रतिरोधी घर बनेपछि गन्धर्वको परिवार उक्त घरमा जीवन निर्वाह गर्दै आएका छन् । स्थानीय सामग्रीको प्रयोग गरी बनाएको घर कम्तीमा २० वर्ष टिक्ने बताइएको छ । मितले घर बनाइदिएपछि गन्धर्व परिवार खुसी छ । ठाकुरका दाइ ध्रुव गन्धर्वले भने-"टहरोमा बसेको परिवार घरमा सरेको छ ।" मितले हालै नयाँ घर निर्माण गरिदिएपछि सोही घरमा बस्न सुरु गरिएको गन्धर्वले जानकारी दिए ।

गाउँमा पुन:निर्माणको कामले गति लिन नसकिरहेका बेला विभिन्न सङ्घसंस्था तथा विभिन्न नाता, सम्बन्धले बनेका घरमा भूकम्पपीडित आश्रय लिँदै आएका छन् । घर बनाउन भन्दै सरकारले रु ५० हजारका दरले अनुदान रकम वितरण गरेपनि पुन:निर्माणले गति लिएको छैन। गाउँमा भूकम्पप्रतिरोधी घर बनाउन सहयोग गर्न इन्जिनियर खटिएको भएपनि भूकम्प प्रभावितले घर बनाउन सुरु गरेका छैनन् ।

गत वर्षको हिउँद टहरोमा काटेको गन्धर्व परिवारले यस वर्षको हिउँदको चिसो झेल्नु नपर्ने भएको छ । जस्तापाताले छाएको टहरोमा बस्ने, खाने ठाउँ भए पनि अन्नपात भण्डारणका लागि भने गन्धर्व परिवारलाई समस्या छ । अनुदान रकम लिएपछि अर्को भूकम्प प्रतिरोधी घर बनाउने सोचमा उनीहरू छन् । रासस

# चैतमा चुनाव गर्ने सम्भावना लगभग अन्त्य

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ७ मंसिर ।**

स्थानीय तह पुनर्संरचना गरेर आगामी चैतमा चुनाव गर्ने सम्भावना लगभग अन्त्य भएको छ । सत्तारुढ कांग्रेस र माओवादीले चैत मसान्तभित्र स्थानीय तहको चुनाव गर्ने समझदारी गरेका थिए । र, दुई दलको सहमति अनुसार चैतमा चुनाव गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्नुपर्नेछ ।

तर, चैतको चुनाव कठिन बन्दै गएको छ । स्थानीय निकाय पुनर्संरचनाको काम अझै सकिएको छैन ।

तराई मधेसका १० जिल्लामा मधेसी मोर्चाको अवरोध कायमै छ र, आयोगले केही दिन कुर्ने र नभए केन्द्रबाटै निर्णय गर्ने बताएको छ । यो सबै गरेर प्रतिवेदन बुझाउन कम्तिमा मंसिर मसान्तसम्म लाग्ने आयोगका एक सदस्यले बताएका छन् । स्थानीय चुनावका लागि आवश्यक पर्ने ऐन कानुन पनि सरकारले बनाउन सकेको छैन । निर्वाचन आयोगका अनुसार चुनावका लागि पाँच वटा कानुन चाहिन्छ, जुन अहिलेसम्म बनेको छैन । निर्वाचन आयोग ऐन, राजनीतिक दल सम्वन्धी ऐन र मतदाता नामावलीसम्वन्धी ऐन संसदमा पेश भएर राज्य व्यवस्था समितिमा पुगेको छ ।

निर्वाचन कसुर तथा सजायँ सम्वन्धी ऐन र स्थानीय निकाय सम्वन्धी ऐन गृह मन्त्रालयमै अड्किएको छ । निर्वाचन आयोगले पटक-पटक ऐन कानुन छिटो बनाइदिन भने पनि त्यसतर्फ काम भएको छैन । ऐन बनेपछि निर्देशिका र नियमावली बनाउनुपर्छ । राजनीतिक दलसम्वन्धी निर्देशिका सरकारले बनाए पनि अरु आयोगले नै गर्नेछ । तर, स्थानीय तहको पुनर्संरचनासँगै ऐन कानुन यो महिनाभित्र बनिसक्ने सम्भावना कम हुँदै गएको छ । आयोगले भने चुनाव गर्न ऐन कानुन बनेपछि पनि चार महिना चाहिने बताएको छ । आयुक्त इला शर्मा भन्छिन्-ऐन कानुन र निर्देशिका सबै बनेपछि पनि चुनाव गर्नुअघि तयारीका लागि निर्वाचन आयोगलाई न्यूनतम चार महिना समय चाहिन्छ ।'

ऐन कानुन बनेर मात्र भएन, तराई मधेस केन्द्रीत दलहरुलाई सहमतिमा ल्याउन बाँकी नै छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सहमति नजनाएपछि संविधान संशोधन अन्योलमा परेको छ ।

यस आधारमा चैत मसान्तभित्र स्थानीय तहको चुनाव हुने सम्भावना कम देखिएको छ ।

स्थानीय तहको चुनाव वैशाख जेठमा सर्ने सम्भावना बढेको स्रोतले बताएको छ । अब चैत्रमै निर्वाचन गर्ने सम्भावना सकियो, सरकारले चाहँदा जेठ महिनासम्म निर्वाचन गराउन सक्छ ।'

# मजदुर भेला सम्पन्न

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ मंसिर ।**

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन कृषि उपज तथा सव्जी मण्डी इकाईको आयोजनामा मंगलबार भेला सम्पन्न भएको छ । प्रमुख अतिथि संगठनका केन्द्रीय सचिव कर्णसिं गुरुङले भेलाको उद्घाटन गर्दै यातायात क्षेत्रका मजदुरहरुमा अगुवा यातायात स्वतन्त्र मजदुरमा संगठित हुन सवैमा आव्हन गरे । स्वतन्त्र मजदुर संगठनका गण्डकी अञ्चल अध्यक्ष बिष्णुबहादुर खत्री क्षेत्री, अञ्चल सदस्य तथा तरकारी फलफूल ढुवानी इकाई इञ्चार्ज अध्यक्ष मेघबहादुर न्यौपाने, इकाई सल्लाहाकार नन्दलाल घर्ती, पूर्व अध्यक्ष दिनेश गोपाली लगायतले बोलेका थिए। भेलाले केशव ढकालको अध्यक्षतामा ९ सदस्यीय इकाई समिति गठन गरेको छ । इकाई उपाध्यक्षमा हिक्मत भुजेल, सचिवमा शंकर सेढाँई, सह-सचिवमा मनोहर थापा क्षेत्री, कोषाध्यक्षमा हरिराम कोइराला चयन भएका छन्। इकाई सदस्यहरुमा सुनिल पाठक, यमबहादुर भुजेल, कुलबहादुर परियार र राम मगर रहेका छन् ।

# ४२ महिला खेलाडी छनौट

**काठमाडौं ७ मंसिर ।**

अखिल नेपाल फुटबल संघ एन्फाले आसन्न चौथो महिला साफ च्याम्पियनसीपका लागि ७२ मध्येबाट ४२ महिला खेलाडीको छनौट गरेको छ । प्रमुख प्रशिक्षक कुमार थापा, राष्ट्रिय टोलीका टेक्निकल एनालिष्ट चियाकी ताकेदा, एन्फा प्रशिक्षक सुनिल श्रेष्ठ, मृगेन्द्र मिश्र र अस्मिता खवासको टोलीले प्रारम्भिक छनौटमा परेका ७२ मध्येबाट ४२ खेलाडी छनौट गरेका थिए । एन्फाले छिट्टै ४२ बाट घटाएर ३० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाउने जनाएको छ । आगामी डिसेम्बर २६ देखि भारतमा हुने प्रतियोगितामा नेपाल श्रीलंका, माल्दिभ्स र भुटानसँगै समूह ए मा परेको छ । समूहको पहिलो खेलमा नेपालले भुटानसँग डिसेम्बर २६, माल्दिभ्ससँग डिसेम्बर २८ र श्रीलंकासँग डिसेम्बर ३० मा प्रतिस्पर्धा गर्नेछ । नेपाल साफ च्याम्पियनसीपको साविक उपबिजेता हो ।

# करााँते संघ गठन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ मंसिर ।**

पोखरामा पहिलो पटक नेपाल क्योकुसिनसेइसिन काइकान कराँते संघ गठन भएको छ । नयाँ गठन भएको संघको भेलाले प्रदिपकुमार श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ। समितिको उपाध्यक्षमा राजकुमार गुरुङ, सचिव डिल्लीराम पुन, कोषाध्यक्ष रेनु गिरी चयन भएका छन्। सदस्यहरुमा प्रकाश गिरी, सीता कार्की रहेका छन भने एक सदस्य कास्की जिल्ला खेलकुद विकास समितिबाट पठाइने छ ।

कार्यक्रममा समिति गठनको प्रमुख अतिथि नेपालका ब्रानचिफ अशोक श्रेष्ठ रहेका थिए भने विशेष अतिथि कास्की जिल्ला खेलकुद विकास समितिका कोषाध्यक्ष दिपकबहादुर गोदार, राष्ट्रिय खेलाडी लक्ष्मण कुँवरको सहभागीता रहेको थियो ।

# घरबाट पानी बोकेर विद्यालय जानुपर्ने बाध्यता

**म्याग्दी ७ मंसिर ।**

म्याग्दीको ओखरबोट गाविस-१, फूलबारीमा अवस्थित पुरुषोत्तम प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थी किताब कापीसँगै पिउने पानी समेत बोकेर विद्यालयमा आउन बाध्य छन् ।

गत साउनमा स्थानीय रितुङ खोलामा आएको बाढीले खानेपानीको पाइप बगाउनुका साथै खानेपानीका लागि बनाइएका संरचना भत्काइ दिएपछि ५० घर रहेको फूलबारीका सम्पूर्ण बासिन्दा र विद्यालयका विद्यार्थीलाई खानेपानीको सास्ती खेप्नुपरेको हो ।

छिमेकी गाविस निस्कोटबाट ल्याइएको खानेपानीको पाइप बगाएपछि पुन: मर्मत सम्भार तथा आपूर्तिमा समस्या भएको स्थानीय चूडामणि सापकोटाले बताए ।

फूलबारीमा रहेका करिब ५० घरधुरी, स्थानीय पुरुषोत्तम प्राथमिक विद्यालयमा रहेका १०० विद्यार्थीलाई खानेपानीको समस्या भइरहेको छ । विद्यालयमा अध्ययरत विद्यार्थीले घरबाटै पानी लिएर विद्यालय जाने गरेका सापकोटाले बताए ।

खानेपानी आपूर्तिमा सम्बन्धित निकायलाई पटकपटक जानकारी गराउँदा समेत सफल हुन नसकेका स्थानीयले खानेपानी अनावश्यक रुपमा प्रयोग नगर्न अनुरोध गर्दै गाउँ नजिकै रहेको मुहानबाट अस्थायी रुपमा आपूर्ति गरिरहेका छन् ।

खानेपानीको अभावका कारण दूषित पानीको प्रयोग समेत हुनसक्ने भएकाले उमालेर पिउन समेत विद्यार्थीमार्फत घरघरमा जानकारी पठाइएको छ । सानो कुवाबाट खानेपानीको प्रयोग गर्दै आइरहेको अवस्थामा जिविस, खानेपानी तथा सरसफाइ सवडिभिजन कार्यालय लगायतका सङ्घसंस्थालाई समेत पहल गरिएको छ । जिल्लाको निस्कोट, रुम, ओखरबोट गाविसका साथै बागलुङको तमान, लाम्मेला, ढोरपाटनलगायतका क्षेत्रमा जाने मार्ग समेत रहेको फूलबारीलाई व्यापारिक क्षेत्रको रुपमा समेत चिन्ने गरिन्छ ।

खानेपानीसँगै नदीले कटान गरेपछि त्रसित अवस्थामा रहेका स्थानीयले जिविस र भूसंरक्षण कार्यालयबाट सानो बजेट उपलब्ध गराइएकाले तटबन्ध निर्माणमा समेत समस्या भएको बताएका छन्। बाढीले गाउँका पाँच घरपरिवार विस्थापित भएका थिए भने फूलबारीका थप ४५ घरधुरी जोखिममा रहेका छन् ।

# आर्थिक सहयोग

**पर्वत ७ मंसिर ।**

विगत चार वर्षदेखि मिर्गौलाको रोगका कारण थलिएकी यहाँकी एक बालिकालाई प्रवासीले आर्थिक सहयोग गरेका छन् । रोजगारीका लागि पर्वतबाट दोहा कतारमा पुगेका युवाले पर्वतको राम्जाठाँटी गाविस-३ की १४ वर्षीया किशोरी अनिता शर्मालाई सहयोग गरेका हुन् । विगत चार वर्षदेखि मिर्गौला रोगबाट पीडित बनेकी किशोरीलाई उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले पर्वत सम्पर्क मञ्च, दोहा, कतारले नगद रु ३० हजार सहयोग गरेको हो ।

# कलाकारका...

*मानिन्छ ।*

*ललितकला पत्रकार मञ्चका अध्यक्ष केशव खनालले हिमशृङ्खलाको आनन्दका साथ मनमा उर्लेका भावनालाई जसरी कोरेपनि राम्रो चित्र बनाउन उत्प्रेरणा मिल्ने विचार व्यक्त गर्नुभयो । घान्द्रुकमा विशेष गरी गुरुङ, मगर, दमै, कामी, सार्की आदि समुदायको मिश्रित बसोबास रहेपनि जनसङ्ख्याको हिसाबले गुरुङको बहुलता भएपनि गरिब तथा विपन्न वर्गका दलित परिवारका बस्ती पनि देख्न पाइन्छ ।*

*कार्यक्रम आयोजक संस्थाका अध्यक्ष एनबी गुरुङले आफ्नो घर पोखरा भएकाले पनि घान्द्रुक धेरैपटक आइसकेको तर विदेशीलाई ल्याउन सके उनीहरू खुसी हुने विश्वासका साथ कार्यक्रम आयोजना गरिएको बताए । घान्द्रुकको कोडगाउँमा भएको कार्यशाला स्थल आसपासमा देखिने जङ्गलका हरियाली र मनमोहक दृश्य तथा चराचुरुङ्गीका लयबद्ध सङ्गीतले मानिसलाई भावुक र आनन्दीत बनाउँछ भन्दै त्यहाँको विभिन्न धरातलमा बनेका प्राचीन बस्तीले आकर्षित भएको सांस्कृतिक संस्थानका गायिका भीमकला गुरुङले प्रतिक्रिया दिनुभयो । रासस*


## कर्मचारी चाहियो

| | |
|---|---|
| कुक | - २ जना |
| रिसेप्सनिष्ट | -२ जना |
| वेटर | - २ जना |
| मार्केटिङ सेल्स | -केही |
| किचन हेल्पर | -२ जना |
| सुरक्षा गार्ड | -२ जना |

अनुभावीलाई विशेष प्राथमिकता दिइनेछ ।

**टीका रिसोर्ट, लेकसाइड, पोखरा**
फोन : ०६१-४६२०३३, ४६०२३३

Study in Japan
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN**.
❖SLC passed can apply .
❖Almost all intake **czech Republic** .
❖Free Education in **Norway** & **Finland** .
❖Help to make all kind of documentation for any Countries .

April Intake

**Now Running** IELTS, JLPT Classess

**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

## खुशीको खबर !



**के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुत्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ ।** ***महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।***

**अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)**
**वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९**

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

**Macow, Abudabi** को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरू :-** **तयारी कक्षा धमाधम चलिरहेको छ ।**

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

**सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

## यौन तथा प्रजनन रोग सम्बन्धी डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही मंसिर १२ गते आइतबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष।

**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू।

**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार**

**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

**बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म**

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
**फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१**
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा